# स्थानीय बाल अधिकार समिति सञ्चालन कार्यविधि–२०८०

**पृष्ठभूमिः**

नेपालको संविधान २०७२ को मौलिक अधिकार अन्तर्गत धारा ३९ को बालबालिका सम्बन्धि हक र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बाल संरक्षणलाई प्रमुख आधार बनाएको छ । बालबालिका सम्बन्धि ऐन २०७५ को प्रस्तावनामा नै "बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरि बालबालिकाको सर्वोतम् हित कायम गर्न बालबालिका सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वान्छनीय भएकोले" भन्ने उल्लेख गरिएको छ । साथै, बालबालिका सम्बन्धी ऐन २०७५ को दफा १८ मा राज्यको दायित्व अन्तर्गत "विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ" भन्ने उल्लेख गरेकोले मर्स्याङ्दी गाउँपालिकाको सोको महसुस गरि यो कार्यविधि तयार गरेको हो । त्यसैगरी बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा १ देखि १० सम्म, दफा १२, दफा १७, दफा ५० देखि ५९, दफा ६० को उपदफा ३, दफा ६१, दफा ६२ र परिच्छेद ७ (बालबालिकाको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन) अन्तर्गतको दफा ६४ र दफा ६५ बमोजिम दिएको अधिकारको संरक्षण गर्न यो कार्यविधिको आवश्यकता परेको हो । सामाजिक न्याय सुनिश्चित हुने र सभ्य समाज निर्माणको लागि बाल अधिकारको प्रर्वद्धन गर्न नेपालले बाल अधिकार महासन्धि, १९८९ र अन्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनलाई अनुमोदन गरेको छ । नेपालको संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा भएका बालअधिकारको संरक्षण र सम्बन्ध सम्बन्धी व्यवस्थाहरुको पूर्ण परिपालना र कार्यान्वयनमा बालबालिकाको उच्चतम हित हुने ठानी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि मर्स्याङ्दी गाउँपालिकाले "स्थानीय बाल अधिकार समिति सञ्चालन कार्यविधि–**२०८०**" तर्जुमा गरी स्वीकृत गरिएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "स्थानीय बालअधिकार समिति सञ्चालन कार्यविधि २०८०" रहनेछ ।

ख) यो कार्यविधि मर्स्याङ्दी गाउँपालिकाले स्विकृत गरेपछि तुरुन्त लागु हुनेछ ।

मर्स्याङ्दी गाउँपालिका

ग) यो कार्यविधि गाउँपालिका वा नेपाल सरकार वा प्रदेश सरकारले प्रतिस्थापन गर्ने वा खारेज गर्ने व्यवस्था नगरे सम्म क्रियाशिल रहने छ ।

**२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ।

क) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

ख) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

ग) "बालबालिका सम्बन्धी ऐन" भन्नाले संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ र गण्डकी प्रदेशको बालबालिका सम्बन्धि ऐन २०७८ समेतलाई सम्झनु पर्दछ ।

घ) "कार्यविधि" भन्नाले मर्स्याङ्दी गाउँपालिकाले जारी गरेको स्थानीय बालअधिकार समिति सञ्चालन कार्यविधि २०८० सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

छ) "प्रमुख" भन्नाले गाँउपालिकाको प्रमुख  सम्झनु पर्छ ।

ज)  "उप—प्रमुख" भन्नाले गाँउपालिकाको उप—प्रमुख सम्झनु पर्छ ।

झ) "स्थानीय तह" भन्नाले मर्स्याङ्दी गाउँपालिका तथा यस अन्तर्गत रहने वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

ञ) "सेवा प्रदायक" नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गर्नको लागि ईकाइको रुपमा रहेका स्वास्थ्य, शिक्षा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, सामाजिक विकास, पशु सेवा, कृषि सेवा, प्रहरी चौकी तथा गैह्र सरकारी संघसंस्थालाई सम्झनु पर्दछ ।

ट) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

ठ) "बाल समुह वा बाल क्लब" भन्नाले स्थानीय तहमा सुचिकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुको सँगठन वा समुहलाई जनाउदछ ।

मर्स्याङ्दी गाउँपालिका

ड) "बाल सञ्जाल" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको वडा र पालिका स्तरमा बाल समुह वा बाल क्लबहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

ढ) "सहयोगी संस्था" भन्नाले स्थानीय तहमा बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि अनुमति प्राप्त गैरसरकारी संस्थाहरुलाई जनाउनेछ ।

ण) "स्थानीय बाल अधिकार समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० ले दिएको अधिकार अनुसार यस मर्स्याङ्दी गाउँपालिकामा गठन गरिएको पालिका स्तरिय समितिलाई सम्झनु पर्दछ।

त) "वडा बाल अधिकार समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको वडा स्तरको बालअधिकार समिति समितिलाई सम्झनु पर्दछ ।

थ) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ तथा यस कार्यविधि अनुसार तोकिएको वा नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

**द) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ वा यसलाई प्रतिस्थापन गर्न बनेको संघीय वा प्रादेशिक वा स्थानीय कानून बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।**

ध) "कोष" भन्नाले आपतकालिन बाल उद्धार कोष संचालन निर्देशिका, २०७६सम्झनु पर्छ ।

न) पालिका भन्नाले मर्स्याङ्दी गाउँपालिका, गाउँ सभा, कार्यपालिका र वडा समिति तथा गाउँपालिकाको कार्यक्षेत्र समेत सम्झनु पर्दछ ।

प) कार्यपालिका भन्नाले मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

**फ) "जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छः**

१) अनाथ, हराएका वा वेवारिस अवस्थामा फेला परेका वा बाबु आमा वा संरक्षकबाट बन्चित भएका बालबालिका

२) जोखिमपूर्ण श्रममा संलग्न वा ऋृणको कारणले बन्धकमा रहेका वा जवरजस्ती श्रमबाट पीडित भएका बालबालिका,

३) शारीरिक वा मानसिक यातना, भेदभाव, दूर्व्यवहारबाट पीडित भएका बालबालिका

४) बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसूरसँग सम्बन्धित रहेका कारणले बेवारीसे बालबालिका

५) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका बालबालिका

मर्स्याङ्दी गाउँपालिका

६) बाबु, आमा वा अभिभावकबाट दूर्व्यवहार, हिंसा भएका कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका

७) अपाङ्गता भएका (क र ख वर्गका) बालबालिका

८) बावु आमा वा संरक्षक गम्भीर अपाङ्गता वा अशक्तता भएको कारणले उचित हेरचाह नपाएका बालबालिका,

९) वेचविखन तथा ओसार पसार, अपहरण वा शरीर बन्धकमा परेका बालबालिका,

१०) एच.आई.भी.एड्स संक्रमित भएका वा अन्य कुनै प्रकारका दीर्घ रोगले ग्रसित बालबालिका

११) लागु औषधको कुलतमा फसेका बालबालिका

१२) गरिवीको दुष्चक्रमा बाँचेका बालबालिका

१३) सडक आश्रित, कुनै दुर्घटना, मानव सिर्जित वा प्राकृतिक प्रकोप वा दैवी विपतमा परेका बालबालिका

१४) बालबालिका सम्वन्धी ऐन र नियमावली वा प्रचालित कानुनमा विशेष संरक्षणका आवश्यकता भनिएका बालबालिका

१५) पालिका बाल अधिकार समितिले तोकेका अन्य बालबालिका ।

**३) उद्धेश्यः**

क) यस पालिकामा रहेका बालबालिकाहरुको अधिकारको सम्मान, संरक्षण, प्रर्वद्धन र बालबालिकाको आवश्यकता परिपूर्ति गरि बालबालिकाको सर्वोत्तम हित कायम गर्ने ।

ख) बालबालिकाहरुको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउने ।

ग) नेपालको संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा भएका बालअधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी व्यवस्थाहरुको मर्स्याङ्दी गाउँपालिकामा पूर्ण परिपालना र कार्यान्वयनको लागि पहल गर्ने।

घ) पालिकालाई बालमैत्री गाउँपालिका निर्माण गर्नको लागि बालमैत्री नीति, कार्यक्रम र क्रियाकलापहरुको निर्माण, कार्यान्वयन गर्ने ।

मर्स्याङ्दी गाउँपालिका

ङ) बाल अधिकार समिति गठन र व्यवस्थापन गर्ने ।

च) बालबालिकालाई हानी हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, जोखिम, प्रथा—परम्परा न्यूनिकरण गर्ने ।

छ) बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक कार्यहरु गर्ने ।

ज) बालबालिकाको अभिलेख राख्ने घटना व्यवस्थापन गर्ने, सूचना तथा तथ्यांक संकलन गर्ने ।

झ) जोखिममा परेका बालबालिकाहरुको तत्काल राहत, उद्धार, मनोविमर्श, पुर्नस्थापना, पुर्नमिलन, एकिकरण गर्ने ।

ञ) बालअधिकार संरक्षण र सम्बर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी गर्ने ।

ट) आवश्यक देखिएका संस्था खोल्न तथा नविकरण गर्नका लागि सिफारिस गर्ने ।

ठ) बालबालिकासंग सम्बन्धीत संस्था तथा कार्यक्रमको अनुगमन, सुपरिवेक्षण, मूल्यांकन गर्ने ।

ड) नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन र नियमावलीले तोकेका बाल अधिकार संरक्षण एवं प्रर्वद्धनका कार्यहरु गर्ने ।

**४. बाल अधिकार समिति संचालन र व्यवस्थापन कार्यविधि २०८० को सिद्धान्त देहाय बमोजिम हुनेछ,**

क) बालबालिकाको सर्वोत्तम हित,

ख) गोपनियताको हक,

ग) बालमैत्री व्यवहार

घ) सहभागिता र समन्वय

ङ) विभेदरहित वातावरण

**५) स्थानीय बाल अधिकार समितिको गठनः**

मर्स्याङ्दी गाउँपालिका

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ अनुसार "प्रत्येक स्थानीय गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उप–प्रमुखले तोकेको त्यस्तो कार्यपालिका वा नगरपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बालअधिकार समिति रहनेछ" भन्ने कुरा उल्लेख भए बमोजिम यस पालिकामा पनि स्थानीय बाल अधिकार समिति गठन गरिनेछ । समिति गठन गर्दा तपसिल बमोजिमको प्रक्रियाहरु अपनाईनेछ ।

क) गाउँपालिकाको आवश्यकताको आधारमा ५ दिन अगाडी प्रत्येक वडाका वडा अध्यक्षहरु, वडा स्तरिय बाल अधिकार समितिका संयोजक, कार्यपालिकाका सदस्यहरु, बिद्यालयका प्रधान अध्यापकहरु र वडा स्तरिय बालक्लब सञ्जालका अध्यक्ष र पालिका स्तरिय बाल क्लब सञ्जालका अध्यक्ष सहित एक जना बालिकालाई स्थनीय बाल अधिकार समिति गठन गर्ने सम्बन्धि विषय उल्लेख गरि पत्राचार गरिनेछ ।

ख) उपस्थित भएका व्यक्तिहरुको उपस्थितिमा बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यस कार्यविधिले तोके बमोजिमको स्थानीय बाल अधिकार समिति गठन गरिनेछ ।

ग) कार्यविधिले तोके बमोजिमको समिति गठन गर्नु पूर्व समिति गठन भएको भए यो कार्यविधि स्वीकृत भए पछि यस कार्यविधि अनुसारको स्थानीय बाल अधिकार समितिको गठन गरिनेछ ।

घ) स्थानीय बाल अधिकार समितिका पदाधिकारीहरुले बाल संरक्षक सम्बन्धि आचार संहितामा हस्ताक्षर गर्नेछन् र सोको पालनाको लागि बालसंरक्षण नीतिको एक–एक प्रति प्रदान गरिनेछ ।

**<u>६) स्थानीय बाल अधिकार समितिको संरचनाः</u>**

क) यस गाउँपालिकामा गाउँपालिका स्तरिय स्थानीय बाल अधिकार समितिको संरचना तपसिलबमोजिमको सदस्यीय समिति रहनेछ ।

- गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य....... (संयोजक)१ जना
- नौ (९) वटै वडा बाल अधिकार समितिका संयोजकहरु.......(सदस्यहरु)९ जना
- पालिका स्तरिय बाल सञ्जालको संयोजक र एक जना महिला सदस्य समेत....... (सदस्य)२ जना
- गाउँपलिकाको स्वास्थ्य शाखा प्रमुख ........ (सदस्य) १ जना
- गाउँपालिकाको शिक्षा शाखा प्रमुख ........ (सदस्य)१ जना

मल्लरानी गाउँपालिका

- गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख ......... (सदस्य)१जना
- बालबालिका सम्बन्धी कार्य गर्ने गैह्र सरकारी सँस्थाहरु मध्येबाट ....... (सदस्य)१ जना
- पालिकाको प्रमुख प्रशासकिय अधिकृत ........ (सदस्य)१ जना
- बाल कल्याण अधिकारी वा गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा सदस्य सचिव १ जना

ख) आवश्यकता अनुसार विकासका साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

ग) तोकिएको संरचना अनुसारका व्यक्तिहरु उपलब्ध नभएमा समितिको निर्णयले बाल अधिकारको निम्ति कार्य गर्न सक्ने अन्य कुनै व्यक्तिको चयन गर्न सक्ने छ ।

घ) समितिको कार्यकाल ३ वर्षको हुनेछ । तर समितिको कुनै संयोजक, सदस्य वा सदस्य सचिव मध्ये कसैले तोकिएको जिम्मेवारी वहन गर्न नसकेको पर्याप्त आधार वा कुनै राजनितिक दल प्रतिको आस्थाको आधारमा कार्य गरेको आधार फेला परेमा निजको पद कार्यपालिकाको निर्णयले जहिले सुकै खारेज गर्न सकिनेछ र सो रिक्त स्थानमा कार्यपालिकाले निर्णय गरेको व्यक्तिलाई नियुक्त गर्न सकिनेछ ।

**७) समितिको काम, कर्तव्य र अधिकारः**

स्थानीय बालअधिकार समितिले बालबालिका सम्बन्धी ऐन २०७५ तथा प्रदेश स्तरिय बालबालिका सम्बन्धि ऐन २०७८ मा उल्लेखित बाल संरक्षणका सवालहरु र बालबालिका सम्बन्धी ऐन २०७५ तथा प्रदेश स्तरिय बालबालिका सम्बन्धि ऐन २०७८ ले प्रदान गरेका अन्य अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बाल अधिकार सम्बन्धी प्रदान गरेको अधिकार सहित तपसिल बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

**क) तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नेः** पालिका भित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका तथा बालश्रम वा बालश्रमको जोखिममा रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गर्ने र वार्षिक रुपमा अद्यावधिक गरी कार्यपालिकामा सम्प्रेषण गर्ने ।

**ख) वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्नेः** बालबालिकाको क्षेत्रमा आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको समन्वयमा समुदायमा आधारित वार्षिक योजना निर्माण गरी

कार्यान्वयन गराउनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने । कार्य योजना तयार गर्दा जोखिममा रहेका बालबालिकालाई लक्षित र लाभन्वित हुने क्रियाकलाप, सचेतनामूलक क्रियाकलाप, क्षमता विकास र आकस्मिक सहयोगका क्रियाकलाप लगायत बालबालिकाको समग्र संरक्षण र सहभागिताको अधिकार सुनिश्चित हुने किसिमको योजनाहरु तयार गर्ने ।

**ग) समन्वय र सहकार्य गर्नेः** पालिकामा कार्यरत सरकारी, गैर सरकारी निकाय एंव नीजि क्षेत्रहरु, संघसंस्थाहरुसँग आवश्यक समन्वय र सहकार्य गरी जोखिममा रहेका बालवालिकालाई आवश्यक सहयोग पुर्याउन र उनीहरुको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग पुर्याउने ।

**घ) सचेतनाः** बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला, शोषण, बालश्रम अन्त्य गर्न तथा उनीहरुका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सृजना गर्न सहयोग पुग्ने किसिमका सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । जस्तैः असल अभिभावकत्व, बालविवाह न्युनिकरण, जन्म दर्ता, विद्यालय भर्ना, पूर्ण खोप, दण्डरहित शिक्षण, बालसहभागिता, बालमैत्री व्यवहार, बालश्रम जस्ता विषयमा अन्तरक्रिया, रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाई, अन्तरसंवाद, गाउँ/टोल अभियान आदि क्रियाकलापको माध्यमबाट सचेतना जगाउँने ।

**ङ) श्रोत नक्शांकन र सिफरिस संयन्त्रको स्थापना गर्नेः** सरकारी, गैर सरकारी र नीजि क्षेत्रबाट बालबालिकाहरु र तिनिहरुका परिवार लक्षित सेवाहरुको नक्शांकन गरी आवश्यक रोष्टर तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरु जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गनै पालिका स्तरिउ सिफारिस संयन्त्र स्थापना गरी सक्रीय बनाउने ।

**च) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा एंव कार्यान्वयनका लागि पैरवी गर्नेः** बालअधिकारको संरक्षण र प्रर्बद्धनका लागि विभिन्न सवालहरुमा आधारित आवश्यक नीति, कार्यक्रमहरुको निर्माण एंव पैरवी गर्ने साथै कार्यपालिकालाई सिफारिस गर्ने ।

**छ) बाल कोषको स्थापना गर्नेः** विभिन्न निकायहरुसँग समन्वय र सहकार्य गरी आपतकालिन बालबालिका, बालविवाह, यौन दुर्व्यवहार, हेला, शोषण अपहेलना, बालश्रम र अन्य कारणले जोखिममा परेका बालबालिकाहरुको तत्काल उद्दार तथा सहयोग गर्नको लागि पालिका स्तरमा एक बाल कोषको स्थापना तथा सञ्चालन गर्ने ।

**ज) अनुगमन र समिक्षा गर्नेः** बालबालिकाहरुका लागि पालिका स्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले उनीहरुको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा गर्ने । कार्यक्रमको अनुगमन र समिक्षा त्रैमासिक, अर्धवार्षिक र बार्षिकरुपमा गर्ने र वडा बाल अधिकार समितिलाई आवश्यक सल्लाह सुझाव तथा निर्देशनहरु दिने ।

**झ) बाल बालिका सम्बन्धी स्थिति पत्र तथा बजेट विश्लेषण प्रकाशन गर्नेः** पालिकामा रहेका बालबालिकाहरुको तथ्यांक अध्यावधिक गरि प्रत्येक वर्ष बालबालिकाको स्थिति पत्र तथा पालिकाले बालबालिकाको क्षेत्रमा विनियोजित बजेट र कार्यान्वयनको अवस्थालाई आधार बनाएर बजेट विश्लेषण प्रकाशन गर्ने ।

**ट) प्रगति समिक्षा गर्नेः** आवश्यकता अनुसार पालिकाले प्रत्यक वडाहरुमा भए गरेका क्रियाकलापहरुको समिक्षा गर्नको लागि प्रगति समिक्षा कार्यक्रमहरु सञ्चालन गर्ने ।

**ठ) बालबालिकाको उद्धार तथा पुर्न स्थापनाः** जोखिम अवस्थामा रहेका वा भेटिएका वा सुचना प्राप्त बालबालिकाको सर्वोतम हितलाई ध्यानमा राखि प्रहरी प्रशासन तथा वडा बालअधिकार समितिको सहयोगमा उद्धार पुनर्स्थापना तथा सहयोग सञ्चालन गर्ने ।

**ड) बाल संरक्षण संजाल गठन गर्नेः** बालबालिकाहरुको समग्र हित र अधिकारको प्रर्वद्धन, संरक्षण, सुरक्षा, सहभागिता र बिकासको कार्यहरुलाई प्रभावकारी रुपमा पालिका भित्र कार्यान्वयन गर्न पालिकामा रहेका सामुदायिक संघसंस्था, गैरसरकारी संस्था, सरोकारवालाहरु, वडा, पालिका समेतको सहभागिता रहने गरी पालिका स्तरिय र वडा स्तरिय बालसंरक्षण सञ्जालको गठन गर्ने । यो संजाल बालअधिकार समितिको अभिन्न सहयोगी साझेदार अंगको रुपमा रहनेछ ।

**८) स्थानीय बाल अधिकार समितिको बैठकः**

क) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउनेछ ।

ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थीतिमा जेष्ठ सदस्य वा उपस्थित सदस्यको सामुहिक निर्णयले अध्यक्षताको जिम्मेवारी वहन गर्नेछ ।

ग) निर्णय गर्दा सहमतिका आधारमा निर्णय गरिनेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) समितिको निर्णय सदस्य—सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

मर्स्याङ्दी गाउँपालिका

ङ) स्थानीय बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

च) स्थानीय बाल अधिकार समितिको सम्पर्क कार्यालय कार्यपालिकाको उपलब्ध गराएको स्थानमा रहनेछ।

छ) सामान्यता समितिको बैठकको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको बहुमत सदस्यको उपस्थितिलाई मानिनेछ । तर पहिलो पटक बोलाईएको बैठकमा बहुमत सदस्य उपस्थित नभएमा त्यसपछिको बैठकमा सम्पूर्ण सदस्य संख्याका ३५ प्रतिशत सदस्यको उपस्थितीलाई मानिनेछ ।

**<u>९) वडा बाल अधिकार समितिको संरचनाः</u>**

क) वडा बाल अधिकार समितिको संरचना तपसिल बमोजिमको हुनेछ ।

वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य ..................... संयोजक १

वडाले तोकेको महिला सदस्य सहित ........................ सदस्य १

प्रअ वा शिक्षक बाट .............................. सदस्य १

स्वास्थ्य संस्था प्रतिनिधि वा महिला स्वास्थ्य स्वयम्सेविका बाट ............. सदस्य १

बाल अधिकार कर्मी/नागरिक समाजका प्रतिनिधि मध्ये कम्तीमा १ महिला .........सदस्य १

वडा स्तरिय बाल सञ्जालको अध्यक्ष र एक बालिका समेत ......... सदस्य २

वडा प्रहरी प्रमुख, नेपाल प्रहरी .................. सदस्य १

आदिबासी, जनजाति, मधेसी, अल्पसंख्यक, दलित, अपांगता भएको व्यक्ति तथा पिछाडिएका बर्ग र समुदायको प्रतिनिधित्व हुने गरी .................. .................. सदस्य २

वडा सचिवको रुपमा कार्यरत कर्मचारी वा निजले तोकेको वडाको कर्मचारी ............ सदस्य सचिव १

ख) आवश्यकता अनुसार विकासका साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

ग) तोकिएको संरचना अनुसारका व्यक्तिहरु उपलब्ध नभएमा वडा समितिको निर्णयले बाल अधिकारको निम्ति कार्यगर्न सक्ने अन्य कुनै व्यक्तिको छनौट गर्न सक्ने छ ।

घ) समतिको कार्यकाल ३ वर्षको हुनेछ । तर समितिको संयोजक, सदस्य वा सदस्य सचिव मध्ये कसैले तोकिएको जिम्मेवारी वहन गर्न नसकेको पर्याप्त आधार वा कुनै राजनितिक दल प्रतिको आस्थाको आधारमा

मर्स्याङ्दी_गाउँपालिका

कार्य गरेको आधार फेला परेमा निजको पद वडा समितिको निर्णयले जहिले सुकै खारेज गर्न सकिनेछ र सो रिक्त स्थानमा वडा समितिले निर्णय गरेको व्यक्तिलाई नियुक्त गर्न सकिनेछ ।

**१०) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः**

वडा बाल अधिकार समितिले बालबालिका सम्बन्धी ऐन २०७५ तथा प्रदेश स्तरीय बालबालिका सम्बन्धि ऐन २०७८ मा उल्लेखित बाल संरक्षणका सवालहरु र संघिय र प्रदेशका प्रचलित ऐन कानुनले प्रदान गरेका अन्य अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वडाले बाल अधिकार सम्बन्धी प्रदान गरेको अधिकार सहित तपसिल बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ।

**क) तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नेः** वडा भित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका तथा बालश्रम वा बालश्रमको जोखिममा रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गर्ने र वार्षिक रुपमा अद्यावधिक गरी स्थनीय बाल अधिकार समितिमा सम्प्रोषण गर्ने ।

**ख) वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्नेः** वडा भित्रका बालबालिकाको आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको समन्वयमा वार्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।

**ग) समन्वय र सहकार्य गर्नेः** वडामा कार्यरत सरकारी तथा गैर सरकारी संस्था, नीजि क्षेत्र, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, समूह, सञ्जाल, समिति, स्थानीय बाल अधिकार समिति जस्ता विभिन्न निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने र जोखिममा रहेका बालबालिकालाई आश्यक सहयोग पुऱ्याउन र उनिहरुको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग गर्ने ।

**घ) सचेतना जगाउँनेः** आफ्नो वडाहरुमा बालबालिकामाथि हुने हिंसा, दुव्र्यवहार, हेला, शोषण र बालश्रमको अन्त्य गर्न तथा उनीहरुका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सिर्जना गर्ने सहयोग पुग्ने किसिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**ङ) श्रोत नक्सांकन र सिफारिस संयन्त्रको स्थापना गर्नेः** वडामा सरकारी, गैर सरकारी र नीजि क्षेत्रबाट बालबालिका तथा उनीहरुका परिवार लक्षित सेवाहरुको नक्शांकन गरी आश्यक कार्यसुची तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरु जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न वडा स्तरी सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

मर्स्याङ्दी_गाउँपालिका

**च) बालबालिका सम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्नेः** बालअधिकारको संरक्षण र प्रवद्रनका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनको लागि वडा तथा पालिका स्तरमा पैरवी गर्ने ।

**छ) बाल कोषको स्थापना गर्नेः** विभिन्न निकायहरुसँग समन्वय र सहकार्य गरी आपतकालिन बालबालिका, बालविवाह, यौन दुव्र्यहार, हेला, शोषण, अपहेलना, बालश्रम र अन्य कारणले जोखिममा परेका बालबालिकाहरुको तत्काल उद्दार तथा सहयोग गर्नको लागि वडा स्तरमा एक बाल कोषको स्थापना तथा सञ्चालन गर्ने ।

**ज) अनुगमन र समिक्षा गर्नेः** बालबालिकाहरुका लागि वडास्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले बालबालिकाको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा गर्ने । कार्यक्रमको अनुगमन र समिक्षा त्रैमासिक, अर्धवार्षिक र वार्षिकरुपमा गर्ने ।

**झ) प्रगति प्रतिवेदन पेश गर्नु पर्नेः** वडामा बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरुको सम्पन्न प्रतिवेदन तयार गरी वडा स्तरका सरोकारवालाहरुसँग अर्धवार्षिक रुपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

**ञ) बाल क्लब र बाल बाल क्लब सञ्जालको गठन परिचालन आवद्धता गर्नेः** बाल क्लबहरुको गठन, क्षमता विकास र परिचालन तथा आवद्धता गर्ने गराउने ।

**११) वडा बाल अधिकार समितिको बैठकः**

क) वडा बाल अधिकार समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउनेछ ।

ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा जेष्ठ सदस्य वा उपस्थित सदस्यको सामुहिक निर्णयले अध्यक्षताको जिम्मेवारी वहन गर्नेछ ।

ग) निर्णय गर्दा सहमतिका आधारमा निर्णय गरिनेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ।

घ) समितिको निर्णय सदस्य सचिवले प्रमाणित एंव अद्यावधिक राख्नेछ ।

ङ) वडा बाल अधिकार समितिको सम्पर्क कार्यालय वडा कार्यालयले उपलब्ध गराएको स्थानमा रहनेछ

च) वडा बाल अधिकार समितिको सम्पर्क कार्यालय वडा कार्यालयले उपलब्ध गराएको स्थानमा रहनेछ

मर्स्याङ्दी गाउँपालिका

छ) सामान्यतया समितिको बैठकको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको बहुमत सदस्यको उपस्थितीलाई मानिनेछ । तर पहिलो पटक बोलाईको बैठकमा बहुमत सदस्य उपस्थित नभएमा त्यसपछिको बैठकमा सम्पूर्ण सदस्य संख्याका ३५ प्रतिशत सदस्यको उपस्थितीलाई मानिनेछ।

**१२) बालकोषको व्यवस्थाः**

विभिन्न निकायहरुसँग समन्वय र सहकार्य गरी आपतकालिन बालबालिका, बालविवाह, यौन दुर्व्यवहार, हेला, शोषण, अपहेलना, बन्धक बालश्रम र अन्य कारणले जोखिममा परेका बालबालिकाहरुको तत्काल उद्दार तथा सहयोग गर्नको लागि पालिका तथा वडा स्तरमा एक—एक बाल कोषको स्थापना गरिनेछ। बालकोषको सञ्चालन बालकोष सञ्चालन बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६३ अनुसार हुनेछ ।

**१३) बाल कल्याण अधिकारीको व्यवस्थाः**

क) यस मर्स्याङ्दी गाउँपालिकाले बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्नको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ अनुसार एक जना बाल कल्याण अधिकारीको व्यवस्था गर्नेछ। बाल कल्याण अधिकारीको सेवा सुविधाका तथा काम कर्तव्य र अधिकार यस कार्यविधिले तोके अनुसार हुनेछ ।

ख) बाल कल्याण अधिकारी नियुक्त गर्दा नेपाल सरकारको अधिकृत स्तरको कर्मचारी सरहको रहने र नेपाल सरकारको अधिकृत स्तरको सेवा सुविधाहरु उपलब्ध गराइनेछ।

**१४) बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकारः**

क) निर्णय कार्यान्वयन गर्ने गराउनेः स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरुको व्यवस्थापन तथा कार्यान्वयन गर्ने गराउने ।

ख) वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्नेः स्थानीय सरकारबाट स्वीकृत नीति र योजना अनुरुप स्थानीय समितिको वार्षिक योजना र कार्यक्रम, बजेट तर्जुमा, कार्यान्वयन तथा प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने ।

ग) समन्वय र सहकार्य गर्नेः पालिका तथा वडामा कार्यरत सरकारी तथा गैर—सरकारी संस्था, नीजि क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरि बालबालिकाको क्षेत्रमा लगानी बढाउन सहयोग गर्ने

मर्स्याङ्दी गाउँपालिका

घ) जोखिममा रहेका बालबालिकाहरुको तथ्यांक संकलन, व्यवस्थापन तथा सहयोगको लागि स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने ।

ङ) सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेः पालिका तथा वडाहरुमा बालबालिकामाथि हुने हिंसा, दुव्र्यवहार, हेला, शोषण, बालश्रम अन्त्य गर्न तथा उनीहरुका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सिर्जना गर्न सहयोग पुग्ने किसिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

च) पालिका तथा वडाहरुमा कार्यरत सरकारी, गैर सरकारी र नीजि क्षेत्रबाट बालबालिका तथा उनीहरुका परिवार लक्षित सेवाहरुको नक्सांकन गरी आवश्यक कार्यसुची तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरु जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

छ) बालअधिकारको संरक्षण र प्रर्बद्धनका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनको लागि वडा तथा पालिका स्तरमा पैरवी गर्ने ।

ज) पालिका तथा वडा स्तरमा स्थापना भएको बाल कोषको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने गराउने ।

झ) बालबालिकाहरुका लागि पालिका तथा वडास्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले बालबालिकाको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा गर्ने ।

कार्यक्रमको अनुगमन र समिक्षा त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा गर्ने र सो को प्रतिवेदन स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

ञ) बालबालिका सम्बन्धी स्थिति—पत्र तथा बजेट विश्लेषण प्रकाशन गर्ने ः पालिकामा रहेका बालबालिकाहरुको तथ्यांक अध्यावधिक गरि प्रत्येक वर्ष बालबालिकाको स्थिति पत्र तथा पालिकाले बालबालिकाको क्षेत्रमा विनियोजित बजेट र कार्यान्वयनको अवस्थालाई आधार बनाएर बजेट विश्लेषण स्थानीय बाल अधिकार समितिको स्वीकृतिले प्रकाशन गर्ने । प्रकाशित प्रतिवेदन प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने ।

ट) आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यक्तिलाई स्थानीय बाल अधिकार समितिमा सुचिकृत गर्ने र लिखत तयार गर्ने ।

मल्लदेही गाउँपालिका

ठ) आन्तरिक धर्ममुत्र, धर्मपुत्री, संरक्षक नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धित निकायलाई सहयोग तथा सहजिकरण गर्ने ।

ड) स्थानीय तहमा नियुक्त तथा परिचालित पारा—सामाजिक कार्यकर्ता, समाजसेवी तथा मनोविज्ञलाई पचिालन गर्ने ।

ढ) स्थानीय तह भित्र सञ्चालनमा रहेका बाल गृह, बाल सुधार गृह, पुनरुथापना केन्द्र, अस्थायी संरक्षण केन्द्र, निगरानी कक्ष जस्ता आवासीय संरक्षण गृहहरुको अनुगमन तथा निरिक्षण गर्ने, निर्देशन दिने तथा पृष्ठपोषण गर्ने वा बन्द गर्न आवश्यक भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ण) बाल क्लब र बाल क्लब सञ्जालको गठन, परिचालन तथा आबद्धता गर्नेः बाल क्लबहरुको गठन, क्षमता विकास र परिचालन तथा आवद्धता गर्ने गराउने ।

त) कार्यपालिका, पालिका स्तरिय बाल अधिकार समितिले दिएको थप काम तथा निर्देशनको पालना गर्ने ।

थ) बेवारिसे अवस्थामा फेल परेका बालबालिका वा त्यस्तो बालबालिकालाई बुझाउन ल्याएमा बालकको यथासम्भव तीन पुस्ते पत्ता लगाउने र आवश्यक संरक्षणको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को मातहतमा रहि संरक्षण गर्ने ।

**१५) बैठक खर्च, आर्थिक प्रतिवेदन र लेखापरीक्षणः**

क) बैठक व्यवस्थापन खर्च पालिकाले व्यवस्थापन गरे बमोजिम हुनेछ । बैठक सञ्चालन गर्नको लागि पालिका तथा वडामा कार्यरत गैर सरकारी संस्थाहरुको साझेदारीमा समेत व्यवस्थापन गर्न सकिनेछ ।

ख) बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरुको सम्पन्न प्रतिवेदन तयार गरी सरोकारवालाहरुसँग वार्षिक रुपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन पालिकामा पेश गरिनेछ । साथै पालिकाले दिएको निर्देशनको पालना गरिनेछ ।

ग) पालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक वर्ष आय—व्ययको बैठक खर्च, आर्थिक प्रतिवेदन र लेखापरीक्षण

क) बैठक व्यवस्थापन खर्च पालिकाले व्यवस्थापन गरे बमोजिम हुनेछ । बैठक सञ्चालन गर्नको लागि पालिका तथा वडामा कार्यरत गैर सरकारी संस्थाहरुको साझेदारीमा समेत व्यवस्थापन गर्न सकिनेछ ।

मर्स्याङ्दी गाउँपालिका

ख) बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरुको सम्पन्न प्रतिवेदन तयार गरी सरोकारवालाहरुसँग वार्षिक रुपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन पालिकामा पेश गरिनेछ । साथै पालिकाले दिएको निर्देशनको पालना गरिनेछ ।

ग) पालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक वर्ष आय—व्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ।

**१६) समन्वय र सहयोगः**

क) बाल अधिकारको संरक्षण, सर्म्वद्धन र प्रवर्द्धनको क्षेत्रमा काम गर्ने स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विकासका साझेदार संस्थासँग साझेदारी र समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ

ख) आवश्यकतामा आधारित कार्यक्रम निर्माण, कार्यान्वयन गर्न गराउन अन्य निकासँग समन्वय र सहकार्य गरिनेछ ।

ग) कार्यक्रमबाट उपलब्ध हुने सूचनालाई सबै सरोकारवालाको सहयोग लिएर व्यापकता प्रदान गरिनेछ

**१७) कार्यविधिको व्याख्या तथा संशोधन तथा बचाउः**

यस कार्यविधिको व्याख्या तथा संशोधन कार्यपालिकाको बैठकले आवश्यकता अनुसार गर्न सक्नेछ। कार्यविधिमा उल्लेख भएका विषयहरु नेपाल सरकारको प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**१८) स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समिति खारेज हुन सक्ने अवस्थाः**

नेपाल सरकार, प्रदेश सरकार र कार्यपालिकाले प्रर्याप्त कारण सहित आवश्यकता नरहेको देखिएमा कार्यपालिकाको निर्णयले खारेज गर्न सकिनेछ ।

**१९) बाधाअडकाउ फुकाउ र खारेजीः**

यो कार्यविधिको बाधाअडकाउ फुकाउ र खारेजी देहाय बमोजिम हुनेछ ।

क) यो कार्यविधि कार्यान्वयन हुनुभन्दा पहिले स्थानीय बालअधिकार समिति सम्बन्धि पालिकाबाट भएका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

महाशङ्कर गाउँपालिका

ख) यो कार्यविधिको सम्बन्धमा कुनै विवाद भएमा पालिकाको गाउँसभाले निर्णय गरे बमोजिम हुनेछ। गाउँसभाले गरेको निर्णयमा चित्त नबुझाउने पक्ष वा व्यक्तिले सम्बन्धित जिल्लाको जिल्ला अदालतमा उजुरी गर्न सक्नेछन् र अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

ग) पर्याप्त कारणहरुको आधारमा गाउँकार्यपालिकाको सिफारिसमा गाउँसभाले यो कार्यविधि खारेज गर्न सक्ने छ वा नेपाल सरकार वा प्रदेश सरकारले यो कार्यविधिलाई प्रतिस्थापन गर्ने व्यवस्था गरेमा वा निर्देशन दिएको अवस्थामा गाउँ कार्यपालिकाले खारेज गर्न सक्नेछ ।

**२०) संशोधनः**

गाउँ कार्यपालिकाले यो कार्यविधिमा समयानुकूल शंसोधन वा कुनै व्यवस्था थपघट गर्न सक्ने छ। तर त्यस्तो शंसोधन वा थपघट गाउँसभाबाट अनुमोदन गराउनुपर्नेछ ।

मर्स्याङ्दी गाउँपालिका